**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन २८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 12 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९१

## वृक्षारोपणमा हानिनोक्सानी पुऱ्याएको आरोपमा वडाध्यक्ष चौधरी पक्राउ

प्रस, निजगढ, २७ फागुन/

डिभिजन वन कार्यालय, बाराले कोल्हवी नगरपालिका वडा नं ५ का अध्यक्ष नन्दकिशोर चौधरीलाई शनिवार पक्राउ गरेको छ । सोही वडाको



पक्राउ परेका वडाध्यक्ष नन्दकिशोर चौधरी । तस्वीरः प्रतीक



रामवनमा मङ्गलवार राति वृक्षारोपण गरिएका बिरुवा र लाथ्रा काटिएको र तारबार भाँचिएको दृश्य । तस्वीरः फाइल

रामवनस्थित राष्ट्रिय वन क्षेत्रको साढे पाँच हेक्टर वन क्षेत्रमा तारबार गरी लगाइएको टिक, मसलालगायत अन्य प्रजातिका करीब नौ हजार बोटबिरुवा, लाथ्रा काटी र तारबारलाई भाँची क्षति पुऱ्याउने कार्यमा संलग्नता रहेको भन्दै वडाध्यक्ष चौधरीलाई रामवनस्थित घटनास्थलबाट बिहान १० बजे पक्राउ गरी सिमरास्थित डिभिजन वन कार्यालय लगिएको छ ।

आज बिहान रामवनस्थित वृक्षारोपण हानिनोक्सानी गरिएको क्षेत्रको स्थलगत निरीक्षणमा बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला वन सुरक्षा समन्वयका अध्यक्ष नवराज सापकोटा नेतृत्वको टोली गएको हो । टोलीमा मधेस प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवाल, डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंह, कोल्हवी नपाका प्रमुख रामप्रसाद चौधरी, बाराका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता पुरुषोत्तम पाण्डे, सशस्त्र प्रहरी सुरक्षा गण प्रमुख तोपबहादुर डाङ्गी, राष्ट्रिय अनुसन्धान कार्यालय, बाराका प्रमुख अभिनय सिंह, मातहतका कार्यालयका प्रमुख एवं प्रतिनिधि, सशस्त्र वनरक्षक, वनरक्षक, वन कर्मचारी सहभागी थिए ।

घटनास्थलको निरीक्षण गरी वन क्षेत्रमा हानिनोक्सानी गर्ने कार्यमा जोकोही संलग्न भएको पाइएमा तुरुन्तै पक्राउ गरी कानूनी कारबाही अघि बढाउने जिल्लास्थित सुरक्षा निकाय र सम्बन्धित कार्यालयलाई प्रजिअ सापकोटाले घटनास्थलमैं निर्देशन दिएका थिए । उनले वन क्षेत्र अतिक्रमण गरी घर, टहरा, खनजोत, खेतीपाती गरेर बसेकाहरूको नामावली, अतिक्रमित वनको जमीनको रेकर्ड केही दिनमैं उपलब्ध गराउनसमेत डिभिजन वन कार्यालय, बारालाई निर्देशन दिए ।

वडाध्यक्ष चौधरीलाई घटनास्थलमा आउन बारम्बार सम्पर्क गर्दा उनले वन कर्मचारीलाई वडा कार्यालयमैं आउन जवाफ फर्काएका थिए । प्रजिअ नै घटनास्थलमा आएको जानकारी पाएपछि उनी अबेर गरी आएका थिए । स्थानीयलाई उक्साइ वृक्षारोपण क्षेत्रमा हानिनोक्सानी पुऱ्याउने कार्यमा संलग्न रहेको भन्दै वडाध्यक्ष चौधरीलाई पक्राउ गरिएको डिभिजन वन कार्यालयका प्रमुख सिंहले बताए ।

वन क्षेत्रको बोटबिरुवा र लाथ्रा काटी, तारबार भाँची क्षति पुऱ्याउने कार्य साऱ्है निन्दनीय भएकोले संलग्नको पहिचान गरी यथाशीघ्र पक्राउ गरी कानूनी कारबाही गर्न निर्देशन दिएको मधेस प्रदेश वन निर्देशक जयसवालले बताए ।

बारामा वन अतिक्रमणको अवस्था निकै भयावह रहेको बताउँदै जोसुकैको संलग्नता भेटिए वन ऐन अनुसार तुरुन्तै पक्राउ गरी कानूनी कारबाही गर्ने वन

(बाँकी अन्तिम पातामा)

## थरुहट क्षेत्रमा आर्थिक तथा सामाजिक सहयोगको प्रवृत्ति बढ्दै

प्रस, सेढवा, २७ फागुन/

पर्साको थरुहट क्षेत्रमा सामाजिक उत्तरदायित्व पूरा गर्ने तथा एकअर्कालाई



थारू समुदायको विवाह कार्यक्रम । तस्वीरः फाइल

सहयोग गर्ने क्रियाकलाप बढेको छ । यस क्षेत्रका थारू समुदाय तथा अन्य समुदायमा एकअर्कालाई आर्थिक तथा सामाजिक सहयोग गर्ने वातावरणको राम्रो विकास भएको छ ।

सङ्कटमा परेका तथा दुःख परेका बेला एकापसमा सहयोग लिनुदिनुका साथै सामाजिक रीतिरिवाजका भोजभतेर तथा अन्य कार्यक्रममा समेत सहयोग आदानप्रदान गर्ने गरिन्छ ।

जीराभवानी गाउँपालिका वडा नं २ का अध्यक्ष महादेव महतो थारूका अनुसार विशेषगरी थारू समुदायमा वैवाहिक कार्यक्रम तथा काजकिरियाका लागि २० देखि ३० परिवारको एउटा समूह नै बनाइएको छ । समूहका सदस्यहरूले वैवाहिक कार्यक्रम तथा काजकिरियामा खानाको व्यवस्थापन, निम्तो बाँड्नेलगायतका अन्य काममा सहयोग गर्ने नियम बनाएका छन् र परिधिभित्र रही सम्पूर्ण सदस्यले कार्य गर्नुपर्ने वडाध्यक्ष थारूले बताए । आयोजित कार्यक्रम सफल बनाउन आलोपालो गरी कामका जिम्मेवारीसमेत तोकिएका हुन्छन्, वडाध्यक्ष थारूले भने । कार्यक्रममा आउने पाहुनाहरूलाई खाने, बस्ने व्यवस्थापनका लागि समूहका सम्पूर्ण सदस्यको अनिवार्य उपस्थिति हुनुपर्ने नियम बनाइएको वडाध्यक्ष थारूले बताए ।

यस क्षेत्रका परिवारको सुख तथा दुःखमा आयोजना हुने भोजभतेरमा समुदायको बराबरी सहभागिता रहने गर्छ । भोजभतेरका लागि खाद्यान्न, रकमलगायत अन्य आवश्यकताका सामान पनि समाजबाट सजिलै पूर्ति हुने गर्छ ।

पटेर्वासुगौली गाउँपालिका वडा नं ४ का प्रमोद चौधरीले हुँदा खाने परिवारका सदस्यको विवाहमा समुदायबाट हरेक सामानको व्यवस्थापन गरी बिहे गराउने चलन रहेका बताए । बिहेमा आवश्यक चामल, दाल, तरकारी, मसला, नून, तेल, भाँडाबर्तन, माछा, मासुका लागि खसीसमेत दिएर सहयोग गर्ने गरेका वडाध्यक्ष चौधरीले बताए । दाइजोस्वरूप दुलहा पक्षलाई प्रदान गरिने पङ्खा, दराज, फर्निचर, टेलिभिजन, वाशिङ मेशिन, सुनको सिक्री तथा औंठीसमेत दिएर सहयोग गर्ने गरिएको चौधरीले बताए । सोबापत सहयोग गर्नेको घरमा बिहेबारी वा मरणहरण परेमा उसले जजसलाई जे सहयोग गरेको छ, उनीहरूले पनि सोही सहयोग गर्ने नियम रहेको वडाध्यक्ष चौधरीले बताए ।

यसरी एकापसमा सहयोग आदानप्रदान गर्दा कुनै एक परिवारमा हुन लागेको कार्यक्रममा समुदायका अन्य परिवारमा समेत आर्थिक चाप बढेको पाइएको छ ।

आफूले पाएको सहयोग समुदायको कुनै एक परिवारको कार्यक्रममा उसले सहयोग गरेको जत्तिकै परिमाणमा जति वर्ष बिते पनि फिर्ता गर्ने चलन रहेको छ ।

## सहकारीको वार्षिकोत्सवमा रक्तदान

प्रस, पर्सागढी, २७ फागुन/

वीरगंज–२७ उदयपुरघुर्मीस्थित साना किसान सहकारी संस्था लि.ले १९औं




तस्वीरः प्रतीक

वार्षिकोत्सवको अवसरमा शनिवार रक्तदान कार्यक्रमको आयोजना गऱ्यो ।

संस्थाका अध्यक्ष वीरेन्द्रकुमार कर्णको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ८८ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा मीरा देवी, लालती देवी, सीमादेवी कुर्मी, आशा देवी, बबिता देवी, मनोज यादव, श्यामसुन्दर कुर्मीलगायतले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्रकी प्राविधिक डिल्लीमाया घिमिरेको टोलीले प्राविधिक सहयोग गरेको थियो ।

## पाठशालाद्वारा साहित्यिक कार्यक्रम

प्रस, वीरगंज, २७ फागुन/

नेपालका चर्चित साहित्यकार डा ध्रुवचन्द्र गौतम वीरगंज आएको अवसर




तस्वीरः प्रतीक

पारी पाठशाला नेपालले स्थानीय होटल 'मधुशाला' एउटा साहित्यिक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा वीरगंजका साहित्यकारहरूले गीत, गजल, कविता वाचन गरेका थिए भने जिज्ञासुहरूले डा ध्रुवचन्द्र गौतमका विभिन्न आख्यानहरूबारे प्रश्न गर्दै उनको लेखाइ बढीजसो दुर्बोध हुनेबारे जिज्ञासा प्रकट गरेका थिए ।

वीरगंजका साहित्यकार तथा उद्योगपति व्यापारी गणेश लाठले स्वागत गरेको कार्यक्रममा महेश गौतम, दिनेश गुप्ता, प्रकाश खण्डेलवाल, अजमत अलि, ध्रुवसिंह ठकुरी, सूर्य विक, सुरेश बिडारी, आमोद गुप्ता, गणेश लाठ, प्रमोद पाण्डेय हेरम्बलगायतले नेपाली, हिन्दी तथा भोजपुरीमा कविता वाचन गरेका थिए । ठाराब क्याम्पसका लेक्चरर इन्द्र भट्टराईले डा गौतमका लेखनका विभिन्न पक्षबारे जिज्ञासा प्रकट गरेका थिए । कार्यक्रममा राजनीतिज्ञ चिरञ्जीवी आचार्य, सोफिया आचार्य, वीरेन्द्र साहलगायतको सहभागिता थियो ।

कार्यक्रममा डा गौतमले साहित्यलेखनबारे आफ्नो मन्तव्य प्रकट गर्दै, साहित्यमा दुर्बोधता नहुने, केही कुरा बुझ्न बढी मनन गर्नुपर्ने बताउँदै विश्व साहित्यमा आएको वैचारिक परिवर्तनसँगै नेपाली साहित्यमा परिवर्तन आउँदा नयाँ प्रयोगका लेखनबारे शुरूमा पाठकहरूलाई अप्ठेरो परेको बताएका थिए ।

कार्यक्रम पाठशाला नेपालका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको थियो ।

## आमा नेपाल फाउन्डेशनको प्रथम वार्षिकोत्सव

प्रस, वीरगंज, २७ फागुन/

आमा नेपाल फाउन्डेशनको प्रथम वार्षिकोत्सव वीरगंजको जैन भवनमा सम्पन्न भएको छ ।



तस्वीरः सौजन्य

आमा नेपाल फाउन्डेशन महिलाआबद्ध संस्था भएकोले अन्तर्राष्ट्रिय नारी दिवसकै दिन फाउन्डेशनको स्थापना दिवस मनाइने भएकोले विभिन्न कार्यक्रमको आयोजना गरिएको फाउन्डेशनकी अध्यक्ष प्रमिता मानन्धरले बताइन् । वार्षिकोत्सव कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, उनकी पत्नी अन्नपूर्ण मानन्धर, आमा नेपाल फाउन्डेशनकी ज्येष्ठ महिला नारायणीदेवी मानन्धरलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक बैद, सशस्त्र प्रहरी १३ नं गणका प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेत, जिप्रका, पर्साकी प्रहरी निरीक्षक मनीषा लौडारी, जसपा महिला फोरमकी प्रदेश उपाध्यक्ष पिङ्की यादव, ज्येष्ठ नागरिक नारायणीदेवी मानन्धर, सुशीला साह, आश्मा सिंह यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**मनुष्यको चरित्र नै उसको भावी सफलता वा विफलताको निर्णायक हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# आत्मविश्वासबाट नै सफलता पाइन्छ

जीवनकालमा अनेकौं असफलताको सामना गर्ने व्यक्ति यदि आफ्नो आत्मविश्वासलाई बनाइराख्छ भने एक न एक दिन उसले इच्छित सफलता अवश्य पाउँछ । विडम्बना यो हो कि सामान्य जीवनयापन गर्दै व्यक्ति आत्मचिन्तन गर्दैन । उसको वैचारिक मन्थन केवल दैनिक आवश्यक वस्तु र त्यसको उपभोग व्यवस्था बनाउनसम्म सीमित रहन्छ । जहाँ जीवनमा कठिनाइ आउने बित्तिकै भविष्यको चिन्ताको विषयमा सोची–सोची मनुष्य तन–मनबाट कमजोर हुँदै जान्छ ।

सङ्कटको समयमा व्यक्ति जीवनसम्बन्धी श्रेष्ठताको विचार गर्न थाल्छ । उसमा हरेक स्थितिको बहुकोणीय विश्लेषण गर्ने शक्ति उत्पन्न हुन्छ । जीवनका प्रत्येक घटनाक्रममा आत्ममन्थन प्रारम्भ हुन्छ । सङ्कटको समयमा व्यक्ति केवल वैचारिकस्तरमा श्रेष्ठ बनेर मात्र जीवन चलाउन सक्दैन । उसलाई खानपान, वस्त्र, आवास आदि आवश्यक भौतिक वस्तुको लागि परिश्रम गर्नुपर्छ । सामान्य जीवनमा अचानक आएको विपदाबाट कमजोर भएको व्यक्ति नयाँ सिराबाट जीवन सम्हाल्न भावनात्मकरूपले त आशावान् रहन्छ तर व्यावहारिकरूपले ऊ निराशाबाट घेरिएको हुन्छ ।

स्वयंमाथि अटल विश्वास नै सफलताको सर्वोपरि रहस्य हो । स्वयंमाथि विश्वास नगर्नु नै असफलता हो । स्वयंको क्षमतामाथि शङ्का गर्नु मानवको स्वाभाविक कमजोरी पनि हो । मानवजीवनको यो अवगुण उसलाई आफ्नो जीवनमा कुनै पनि क्षेत्रमा सफलता पाउने बाटोमा सबैभन्दा ठूलो अवरोधको रूपमा काम गर्छ; किनकि हामी आफैं नै आफ्नो क्षमताको बारेमा विश्वास गर्दैनौं । सफलताको यात्रामा हामी तीव्र गतिले अगाडि बढ्न सक्दैनौं ।

यस्तो दशामा हाम्रो बढेका पाइला रोकिन्छन् र आफूले हेरेका सपनालाई हामी आफैं निमोठ्न थाल्छौं । जुन कार्यलाई हामी गरिरहेका हुन्छौं वा पुनः गर्ने योजना बनाइरहेका हुन्छौं, त्यसबारेमा हामीलाई यो द्विविधाले सताइरहेको हुन्छ कि यस कार्यमा हामी सफल हुन्छौं वा हुँदैनौं । त्यसपछि हामी केवल आफ्नो अमूल्य समय मात्र बर्बाद गरिरहेका हुन्छौं, यसैले यो आवश्यक छ कि हामी आफ्नो लक्ष्य तथा सपनाप्रति पूर्णरूपले समर्पित तथा निष्ठावान् हुनुपर्छ । मनमा सधैं यो अडिग विश्वास राख्नुपर्छ कि आफूमा अन्तर्निहित क्षमताको फलस्वरूप हामी आफ्नो प्रयास र प्रयोजनमा अवश्य नै सफल हुनेछौं ।

एउटा महत्त्वपूर्ण प्रश्न यो उठ्छ कि आखिर हाम्रो जीवनमा द्विविधा उत्पन्न किन हुन्छ ? यस सत्यबाट अस्वीकार कदाचित सजिलो हुँदैन कि द्विविधा वा संशय; आत्मविश्वासमा कमीका कारण उत्पन्न हुन्छ । जब हामीलाई यो लाग्छ कि हामी जुन लक्ष्यप्राप्तितर्फ अगाडि बढिरहेका हुन्छौं र त्यसमा सफल हुन सजिलो हुँदैन; किनभने हामीभित्र त्यस लक्ष्यप्राप्तिको लागि अनिवार्य योग्यताको अभाव छ र हाम्रो खुट्टा त्यस बाटोमा डगमगाउन थाल्छ र हाम्रो आत्मविश्वास कमजोर हुन थाल्छ, त्यसपछि हामी ती सपनालाई साकार गर्ने कोशिश गर्छौं तर त्यसको लागि पूर्णरूपले समर्पित हुन सक्दैनौं ।

यस प्रकार हाम्रो संसाधन र बहुमूल्य समय विना कुनै उपलब्धिको बरबाद हुन्छ । तसर्थ हामी आफ्नो जीवनको जुन पनि लक्ष्य एकपटक निर्धारित गर्छौं, त्यसपछि त्यो प्राप्त हुन्छ भन्नेबारेमा कहिल्यै पनि मनमा कुनै प्रकारको सन्देह वा नकारात्मक विचारलाई जन्म दिनुहुँदैन । आफ्नो क्षमतामा अटुट विश्वास राखौं, त्यसपछि हामीलाई सफल हुन कसैले रोक्न सक्दैन तर यसको लागि हामी सबै आवश्यक सूत्रलाई आत्मसात् गर्नुपर्छ ।

यदि व्यक्तिको युवावस्था निस्किसकेको छ भने उसलाई झनै बढी दुःखको सामना गर्नुपर्ने हुन्छ । यस्तो परिस्थितिमा व्यक्तिको आत्मविश्वास नै उसको सबैभन्दा ठूलो साथी हुन्छ । कुनै नयाँ र जटिल लाग्ने कार्यलाई गर्ने विचार, नीति र कार्यान्वयनको आवश्यकता त हुन्छ नै तर त्यो पनि कार्यको सफलताको सतत् आत्मविश्वासमाथि नै टिकेको हुन्छ ।

कुनै पनि काम व्यावहारिक स्वरूपमा आउनुभन्दा पहिले एउटा विचार मात्र हुन्छ । कर्ताको आत्मविश्वासले नै कार्यको परिणति निर्धारित गर्छ । मृत्युको नजीक पुगेको व्यक्ति पनि जीवनप्रति समुचित आत्मविश्वासको सहाराले पुनः जीवनमार्गमा हिंड्न थाल्छ । विचारको प्रभावमण्डल विचारशक्तिको सट्टा त्यसको लागि गठित आत्मविश्वासबाट अधिक बढ्छ । यदि व्यक्ति आफ्नो जीवनमा आत्मविश्वासको शक्तिलाई चिन्छ भने उसलाई लक्षित मार्गमा पुग्न कसैले पनि रोक्न सक्दैन ।

कोही मनुष्य हिंडिरहेको छ तर ऊ हिंड्नुको कुनै लक्ष्य छैन भने उसको सारा प्रयास, श्रम व्यर्थ जानेछ । यसैले प्रत्येक मनुष्यको आफ्नो एउटा जीवनदर्शन हुनुपर्छ । यसको विना प्रगति असम्भव छ । दोस्रो आवश्यक तत्त्व हो– दृढ आत्मविश्वास । म यो कार्य गर्छु, मलाई निश्चय नै यो कार्य गर्नुपर्छ । यस प्रकारको दृढ आत्मविश्वास नै मानवजीवनको सफलताको रहस्य हो ।

सफलता प्राप्त गर्नको लागि तेस्रो तत्त्व हो– सन्तुलित बोल । एक व्यक्ति जब जीवनको कुनै पनि क्षेत्रमा आफूलाई अभिव्यक्त गर्छ, उसले आफ्नो वाणीमाथि नियन्त्रण राख्नुपर्छ । यसैलाई भनिन्छ सम्यक वाणी । चौथो तत्त्व हो– आजीविका । एकजना राम्रो व्यक्तिले सफासुग्घर र पवित्र आजीविका अर्जित गर्नुपर्छ । उसले अनैतिक तरीकाले आजीविका अर्जित गर्नुहुँदैन । अब पञ्चम् तत्त्व हो– सम्यक व्यायाम । हामीलाई थाहा छ कि धेरैजसो मानिस आफ्नो शरीर मजबूत बनाउनको लागि अनेक प्रकारका व्यायाम गर्छन् तर एक मानवजीवनको अस्तित्व केवल शारीरिक मात्र होइन । मानवीय अस्तित्व शारीरिक, मानसिक र आध्यात्मिक– तीनवटै हो हामीले तीनवटै तत्त्वलाई ध्यानमा राख्नुपर्छ ।

जब हामी कुनै कार्य शुरू गर्छौं, तब हामीले निकै कुशलतापूर्वक र सुन्दर तरीकाले त्यसको समापन पनि गर्नुपर्ने हुन्छ ।

कुनै पनि कार्यलाई अपूर्ण अवस्थामा छोड्नुहुँदैन । कार्य समापन सदैव सुन्दर हुनुपर्छ । हामीले यो कहिल्यै बिर्सिनुहुँदैन कि परमात्माको स्मरण गर्नु नै हाम्रो सबैभन्दा ठूलो कर्तव्य हो । उपरोक्त सबै तत्त्वलाई ध्यानमा राख्दै मनुष्य यदि अगाडि बढ्छ भने ऊ सफलताको शिखरमा पुग्न सक्छ ।

**कुनै पनि कार्यलाई अपूर्ण अवस्थामा छोड्नुहुँदैन । कार्य समापन सदैव सुन्दर हुनुपर्छ । हामीले यो कहिल्यै बिर्सिनुहुँदैन कि परमात्माको स्मरण गर्नु नै हाम्रो सबैभन्दा ठूलो कर्तव्य हो । उपरोक्त सबै तत्त्वलाई ध्यानमा राख्दै मनुष्य यदि अगाडि बढ्छ भने ऊ सफलताको शिखरमा पुग्न सक्छ ।**

# दैवी प्रकोपको रूपमा चट्याङ

नेपालको भूबनावटको कारणले बाढी, पहिरो, चट्याङ जस्ता दैवी तथा प्राकृतिक प्रकोपहरू बढी भएको पाइन्छ । नेपालमा हुने गरेका यस्ता दैवी तथा प्राकृतिक प्रकोपहरूमा चट्याङ एक महत्त्वपूर्ण प्रकोपको रूपमा लिइन्छ । नेपालमा मात्र नभएर विश्वभरिमा नै यो चट्याङको प्रकोपले महत्त्वपूर्ण भाग ओगटेको पाइन्छ । विश्वमा चट्याङबाट वार्षिक २४ हजार मानिसको मृत्यु हुन्छ भने लाखौं मानिसलाई असर पारेको अध्ययन अनुसन्धानले देखाएको छ । एकातर्फ मानिस तथा जीवजन्तुहरूको उत्पत्तिका लागि आवश्यक पर्ने हाइड्रोजन सायनाइड (HCN) तत्त्व चट्याङबाट नै वातावरणमा प्राप्त हुन्छ भने अर्कोतर्फ चट्याङ मानिस र जीवजन्तुहरूको मृत्युको कारक पनि भएको पाइन्छ । नेपालमा मात्रै पनि यसबाट वार्षिक सयको हाराहारीमा मृत्यु भएको पाइन्छ भने त्यसको तीन गुना घाइते तथा यसले असर गरेको तथ्याङ्कले बताउँछ । प्रायः मनसुन शुरू हुनु दुई/तीन महीनाअघिदेखि मनसुनको अन्तसम्म पनि चट्याङ परेको पाइन्छ ।

### चट्याङ कसरी हुन्छ ?

गर्मीको समयमा सूर्यको तापक्रमले पृथ्वीको सतहलाई तताउँछ, जसको कारणले पृथ्वीको सतहमा रहेको हावा तथा पानी तात्छ । हावा तातेपछि हल्का भई माथिमाथि जान्छ भने पानीको सतह तातेर बाफमा परिणत हुन्छ । सो बाफका कणहरू हल्का भई माथिमाथि जान्छ । हावाको तीव्र गतिका कारण बादलहरूबीच घषर्ण पैदा भई चार्जहरू






उत्पन्न हुन्छन् । जब बाफका कणहरू माथिमाथि बढ्दै जान्छन्, त्यहाँ वायुको चाप घट्दै जान्छ, साथै तापक्रम पनि घट्छ । त्यसको कारणले पानीका कणहरू फैलिंदै जान्छन्, फलस्वरूप बादलको रूपमा परिणत हुन्छ । जब यो क्रम बढ्दै जान्छ, चार्ज र बादलको मात्रा पनि बढ्दै जान्छ र बाक्लो भई चट्याङ पार्ने बादलको रूपमा परिणत हुन्छ । ती बादलहरू विभिन्न तहमा र विभिन्न तापक्रममा बसेका हुन्छन् । विभिन्न तापक्रमका कारणले हावाको गति तीव्र हुन्छ । फलस्वरूप बादलहरूबीच घषर्ण पैदा भई अझै बढी चार्जहरू उत्पन्न गराउँछ । धनात्मक र ऋणात्मक चार्जहरूलाई विभिन्न बादल र पानीका कणहरूले बोक्छन्, साथै केही हलुका बादलले धनात्मक चार्जहरूलाई लिई माथिल्लो तहमा जान्छन् भने केही गह्रौं बादलले ऋणात्मक चार्जलाई लिई तल्लो तहमा बस्छन् । तलबाट माथितिर जाँदा तापक्रम घट्दै जाने भएकाले गह्रौं बादल जसले ऋणात्मक चार्ज लिएको हुन्छ, त्यस तापक्रमको $-15^{0}C$ देखि $-40^{0}C$ सम्म पाइन्छ भने हलुका बादल जसले धनात्मक चार्ज लिएको हुन्छ, त्यसको तापक्रम $-50^{0}C$ आसपास रहेको पाइन्छ । फलस्वरूप पहिलेका पानीका बाफहरू जति माथि गयो, त्यति बरफका टुक्रा हिउँ, असिना, ठोस अवस्थाका रूपमा परिणत हुन्छन् । यी बादलहरूमा जति पानीको मात्रा बढ्दै जान्छ, ती बादलबाट सूर्यको प्रकाश छिर्न सक्दैन । यस्तो किसिमको बादललाई कालो बादल (Cumulonimbus) भनिन्छ । यस्ता बादलको मात्रा आकाशमा बढी देखिनुका साथै हावाले बादललाई चलायमान गराएमा चट्याङ पर्ने सम्भावना बढी हुन्छ । शुरूशुरूमा बादलभित्र नै हावाको कारणले चार्जहरूको प्रवाह हुन्छ र चट्याङ पर्दछ । यस्तो चट्याङलाई बादलभित्रको चट्याङ भनिन्छ । केही समयपछि हावाको गति तीव्र हुँदै जाँदा बादलमा भएका चार्जहरू बादल बाहिरसम्म वा एक बादलबाट अर्को बादलसम्म आइपुग्छ । यस्ता किसिमका चट्याङलाई बादल–बादल वा बादलबाट हावासम्म आइपुग्ने चट्याङ भनिन्छ । यस्तो चट्याङलाई बादलदेखि बादलबीचको चट्याङ (Cloud Lightning) भनिन्छ, जसले पृथ्वीमा भएको वस्तुहरूमा असर गर्दैन । यो किसिमको चट्याङ पृथ्वीसम्म नआइपुग्ने भएकोले पृथ्वीमा कुनै हानिनोक्सानी पुऱ्याउँदैन । तर बादलमा हावाको प्रवाह बढ्दै गएपछि त्यसका असर पृथ्वामा पान आइपुग्नुका साथै बादलमा भएका चार्जहरू पृथ्वीमा पनि आइपुग्छन् भने यस्तो चट्याङलाई बादलबाट जमीनमा हुने चट्याङ (Cloud-to-Ground Lightning) भनिन्छ । यस्तो बेलामा पानीमा भिज्ने व्यक्ति, खुला मैदानमा, पहाडको टाकुरामा भएका व्यक्ति तथा जीवजन्तुहरू, रूखमा ओत लाग्ने व्यक्तिमा चट्याङको विद्युतीय प्रवाह सजिलै हुने भएकोले यसको प्रकोप बढी मात्रामा हुने गर्दछ । त्यसैले यस्तो अवस्थामा घरबाहिर जानु खतरा मानिन्छ ।

### चट्याङका कारणहरू

समुद्र सतहदेखि ५८ मिटर उचाइ रहेको भूभाग र सगरमाथाको उचाइ ८८४८.८६ मिटरबीचको दूरी लगभग १५० किलोमिटर मात्रै रहेकोले पनि नेपालमा बढी चट्याङ पर्ने देखिन्छ । विभिन्न वैज्ञानिक अध्ययन, अनुसन्धान अनुसार चट्याङ परेको अवस्थामा पाँच हजार एम्पियरदेखि तीन लाख एम्पियरसम्मको विद्युतीय करेन्ट प्रवाह भएको पाइएको छ । साथै चट्याङले वायुमण्डललाई आकस्मिकरूपमा तताएर लगभग तीस हजार डिग्री सेल्सियस तापक्रमसम्म पुग्ने वैज्ञानिक अध्ययन, अनुसन्धानले देखाएको छ । अत्यधिक विद्युतीय करेन्ट र उच्च तापक्रम मानव, जीवजन्तु, वनजङ्गल तथा बोटबिरुवाहरूमा प्रवाह हुने बित्तिकै सबै भष्म हुन्छन् । यसकै कारणले नेपालमा बर्सेनि ठूलो धनजनको क्षति भइरहेको पाइन्छ । यसबाट हुने क्षति, असर तथा मानव र जीवजन्तुको मृत्यु धेरै नै भएको गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट दिइएको तथ्याङ्कले पनि पुष्टि गर्छ र सो तालिका तल प्रस्तुत गरिएको छ । चट्याङको लागि भूबनावटका साथै वातावरणले पनि धेरै असर पारेको हुन्छ । जलवायु परिवर्तनले तातोमा बढी तातो र चीसोमा बढी चीसो हुने भएकोले चट्याङमा पनि यसको असर रहेको हुन्छ । त्यस्तै वैश्विक तापक्रम वृद्धिले भूसतह तात्नुका साथै वायुमण्डलका कणहरूमा परिवर्तनका कारणले चट्याङमा पनि परिवर्तन गराउँछ ।

| वर्ष | चट्याङ्ग | पहिरो | आगलागि | बाढि | भुकम्प | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०११ | ७६ | ११० | २५ | १२६ | ६ | ८१ | ४२४ |
| २०१२ | ११८ | ६० | ७७ | ९ | १ | १७८ | ४४३ |
| २०१३ | १४७ | ८७ | ५९ | १३१ | – | ३२ | ४५६ |
| २०१४ | ९७ | ११३ | ६७ | १२९ | – | ९७ | ५०३ |
| २०१५ | १०३ | १३८ | ७५ | – | ८९६२ | २६ | ९३०४ |
| २०१६ | ११८ | १४८ | ६३ | १०१ | – | ५६ | ४८६ |
| २०१७ | ८५ | ७० | ६३ | १६६ | – | १०६ | ४९० |
| २०१८ | ७५ | ९१ | ८७ | १७ | – | २०८ | ४७८ |
| २०१९ | ९४ | ८६ | ७८ | ७३ | – | ८९ | ४२० |
| २०२० | ८२ | ३०३ | ५७ | ४२ | – | ७५ | ५५९ |
| २०२१ | ५५ | १७९ | ९५ | ६३ | – | १११ | ५०३ |
| जम्मा | १०५० | १३८५ | ७४६ | ८५७ | ८९६९ | १०५९ | १४०६६ |

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट दिइएको तथ्याङ्क अनुसार २०११ देखि २०२१ सम्ममा विभिन्न विपद्बाट भएका मानवीय क्षतिको विवरण ।


### चट्याङबाट बच्ने सावधानीका उपायहरू

दैवी तथा प्राकृतिक प्रकोपको रूपमा लिइएको चट्याङलाई रोक्न नसकिने भएपनि यसबाट हुने क्षतिबाट बच्नका लागि केही उपायहरू अपनाउनु बुद्धिमानी हुनेछ । सावधानीका उपायहरू अपनाएर नै धनसम्पत्ति, मानव, जीवजन्तु, महत्त्वपूर्ण उपकरणहरू आदिको क्षति हुनबाट बचाउन सकिन्छ । आकाशमा कालो बादल देखा परेमा चट्याङ पर्ने सम्भाव्यता बढी मात्रामा हुने भएकोले यस्तो अवस्थामा घरभित्र बस्नु नै सबैभन्दा उत्तम उपाय हुन्छ । यदि घरबाहिर भएको अवस्थामा चट्याङ पर्न थालेमा तलका उपायहरू अपनाउन सकिन्छ ।





- यदि स्वीमिङमा पानीभित्र भए पानीबाहिर निस्कनुपर्छ ।
- यदि बाटोमा हिंडिरहेको अवस्थामा भए नजीकका घर अथवा गाडीभित्र बस्नुपर्छ ।
- गाडीभित्र बस्दा पनि झ्यालढोका बन्द गरी बस्नुपर्छ ।
- रूख, अग्ला वस्तुहरू, विद्युतीय तारहरूका नजीक बस्नुहुँदैन ।
- खेलमैदानमा भए धेरैजना एकै ठाउँमा बस्नुहुँदैन ।
- यदि खुला मैदान, चौरमा भए सकेसम्म थोरै क्षेत्रफल हुने गरी दुवै खुट्टा एकै ठाउँमा भुइँमा टेकेर चित्र नं १ मा देखाएजस्तै गरी टाउकोलाई निहुराएर दुई हात टाउकोमाथि राखी बस्नुपर्छ ।
- बिजुलीका खम्बा तथा तारहरूनजीक भएमा दुई खम्बाको बीचमा चित्रमा देखाएजस्तै गरी थोरै क्षेत्रफल हुनेगरी टुक्रुक्क बस्नुपर्छ ।




यदि घरभित्र भएमा पनि चट्याङमा ठूलो विद्युतीय प्रवाह हुने भएकोले सावधानीका उपायहरू अपनाउनुपर्ने हुन्छ ।

- चट्याङ परेको अवस्थामा घरभित्र बस्दा पनि टेलिभिजन, टेलिफोन, रेफ्रिजेरेटर, वाशिङ मेशिन आदि विद्युतीय उपकरण बन्द गर्नुपर्छ ।
- टेलिभिजन, रेफ्रिजेरेटर, टेलिफोन आदिमा धेरै भोल्टेज प्रवाह भएर बिग्रने भएकाले त्यस्ता विद्युतीय सामानहरू विद्युतीय स्वीचहरूबाट अलग राख्नुपर्छ र विद्युतीय स्वीचहरूमा जोड्नुहुँदैन ।
- चट्याङ परेको बेलामा घरको झ्यालका सीसाहरू फुट्न सक्ने भएकाले घरको झ्यालनजीक बस्नुहुँदैन ।
- यसबाट मानिसको अङ्गभङ्ग हुने, आँखामा असर गर्ने, ठूलो आवाजका कारणले कानको जाली फुट्ने, आदि हुने भएकाले घरको झ्याल वा भित्ताको नजीकतिर बस्नुहुँदैन ।
- चट्याङ परेको अवस्थामा घरभित्र पनि नुहाउन वा पानी चलाउनुहुँदैन । यदि नुहाउनु नै पर्ने आवश्यक भएमा सीधैं धारामा ननुहाएर बाल्टिनमा थापिएको पानी प्रयोग गरी नुहाउनुपर्छ ।

घर तथा ठूलाठूला भवनहरू बनाउने अवस्थामा भए शुरूमा नै चट्याङबाट सुरक्षित हुने उपायहरू अपनाउनुपर्छ । जहाँ फलामका डन्डीहरू प्रयोग गरेर पक्की घर तथा ठूलाठूला भवनहरू बनाइएका हुन्छन्, त्यस्ता घरको छानामा लाइटनिङ अरेस्टर (Lightning Arrester) जडान गर्ने, साथै राम्रोसँग अरेस्टरबाट जमीनसम्म लैजाने (Downward conductor), राम्रो किसिमबाट अर्थिङ गर्नु (Earthing Rod) चट्याङबाट बच्ने बढी भरपर्दो उपाय हुन सक्छन् ।


पितृभक्त अधिकारी
उपप्राध्यापक
त्रिचन्द्र बहुमुखी क्याम्पस
pbadhikari09@gmail.com


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## प्रधानमन्त्री मोदी र अमेरिकी वाणिज्यमन्त्री जीनाबीच भेटवार्ता

नयाँ दिल्ली, २७ फागुन/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत भ्रमणमा रहेकी अमेरिकी वाणिज्यमन्त्री जीना रेमन्डोसँग शुक्रवार भेटवार्ता गरेका छन् ।




प्रधानमन्त्रीको कार्यालयले ट्वीटमा उल्लेख गरेको छ, "अमेरिकी वाणिज्यमन्त्री रेमन्डोसँगको प्रधानमन्त्री मोदीको भेटवार्ता फलदायी रह्यो ।" रेमन्डोले शुक्रवार केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलसँग पनि प्रतिनिधिमण्डलस्तरीय वार्ता गरेकी थिइन् । सो अवसरमा भारत र अमेरिकाबीच विभिन्न विषयमा व्यापारिक वार्ता भएको र थुप्रै समझदारीपत्रमा हस्ताक्षरसमेत भएको बताइएको छ ।

संयुक्त विज्ञप्तिमा भनिएको छ– भारत र संयुक्त राज्य अमेरिका दुवैले उनीहरूलाई वस्तु र सेवाको गुणस्तर आपूर्तिकर्ता र उपभोक्ताका रूपमा मान्यता दिएका छन् ।

अमेरिकाका थुप्रै कम्पनी भारतमा लगानी गर्न इच्छुक रहेको घोषणा गर्दै रेमन्डोले भनिन्, "विगत दुई वर्षमा भारतले प्रधानमन्त्री मोदीको नेतृत्वमा गरेका धेरै कार्यले भारतलाई व्यापार गर्न अझ आकर्षक ठाउँ बनाएको छ । थप पारदर्शिता, डिजिटल अर्थतन्त्रमा द्रुत गति, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, यी सबै कुराले भारतलाई अझ आकर्षक साझेदार बनाउँछ ।"

यसैगरी, भारत र अमेरिकाले सेमिकन्डक्टर आपूर्ति शृङ्खलालगायतका व्यापारिक क्षेत्रलाई बढावा दिन आपसी समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तीन वर्षको अन्तरालपछि आपूर्ति शृङ्खलामा लचिलोपन र विविधीकरण र नयाँ उदीयमान क्षेत्रमा जोड दिँदै रणनीतिक क्षेत्रमा व्यापक समझदारी विकास भएका छन् ।

पछिल्लो समय भारत–अमेरिका वाणिज्य वार्ता सन् २०१९ फेब्रुअरीमा भएको थियो । त्यसपछि कोभिड–१९ प्रकोपलगायतका कारणले वार्ता अगाडि बढ्न सकेको थिएन ।

यसैगरी, भारत–अमेरिकी सिइओ फोरम सन् २०२२ नोभेम्बरमा भारतीय वाणिज्य र उद्योगमन्त्री र अमेरिकी वाणिज्यमन्त्रीद्वारा भिडियो कन्फ्रेन्समार्फत छलफल भएको थियो । सो वार्ताले प्रमुख प्राथमिकताका क्षेत्रमा आपूर्ति शृङ्खला बढाउने र ऊर्जा सुरक्षा प्रवर्धनलगायत थिए ।

हरितगृह ग्याँस उत्सर्जन, समावेशी डिजिटल व्यापारको विकास र विशेषगरी साना व्यवसायको लागि महामारीपछिको आर्थिक पुनर्उत्थानका निम्ति सहजीकरण गर्ने विषय पनि दुवै देशका प्राथमिकतामा परेका छन् ।

दुई देशद्वारा जारी समझदारीपत्रले अमेरिकाको चिप्स, विज्ञान ऐन र भारतको सेमिकन्डक्टर मिसनलाई ध्यानमा राख्दै अर्धचालक आपूर्ति शृङ्खलाको वृद्धि र विविधीकरणमा दुई सरकारबीच एक सहयोगात्मक संयन्त्र स्थापना गर्न खोजिएको उल्लेख गरेको छ ।

यसैगरी, समझदारीपत्रमा दुई देशबीच पारस्परिकरूपमा अनुसन्धान कार्य सञ्चालन गर्दै प्रतिभा र सीपको विकासमा फड्को मार्ने परिकल्पना गरिएको छ । रासस

## विश्व व्यापार सङ्गठनबाट सुविधा पाउन नेपालले पहल गर्ने

काठमाडौं, २७ फागुन/रासस

सन् २०२६ सम्ममा अतिकम विकसित मुलुक (एलडिसी)बाट स्तरोन्नति भइसक्ने लक्ष्य राखेको नेपालले त्यसपछि पनि विश्व व्यापार सङ्गठन (डब्ल्युटिओ) मार्फत पाइरहेका सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको छ । अतिकम विकसित मुलुकका रूपमा हाल पाइरहेका सुविधा स्तरोन्नतिपछि हट्ने भएपनि ती सुविधाको निरन्तरताका लागि पहल गर्ने भएको हो ।

स्तरोन्नतिपछि गुमाउने व्यापारलगायत क्षेत्रका सुविधाको निरन्तरताका लागि पहल गरिने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिए । कतारको दोहामा यही मार्च ४ देखि ९ सम्म चलेको 'अतिकम विकसित राष्ट्रहरूको पाँचौं शिखर सम्मेलन'मा पनि नेपालले उक्त विषय उठाएको उनको भनाइ छ । सम्मेलनमा नेपालले अतिकम विकसित मुलुकको अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेको मरासिनीले बताए ।

विश्व व्यापार सङ्गठनले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका क्षेत्रमा दिइँदै आएको सहुलियत स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि बन्द हुनेछन् । जस कारण नेपालको निर्यात घट्ने अनुमान गरिएको छ । अहिले पाइरहेका सुविधाको निरन्तरतासँगै आफ्नो व्यापार नीति पनि परिवर्तन गर्दै लैजानुपर्ने सचिव मरासिनीको भनाइ छ । "स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेका विशेष सुविधा गुम्छन् । पाइरहेका सुविधाहरू एकैचोटि हटाउनुभन्दा बिस्तार–बिस्तारै हटाउँदै जाने र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौं," सचिव मरासिनीले भने ।

यस्ता सुविधा जोगाइराख्न नेपालले अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्नु आवश्यक रहेको उनको भनाइ छ । "स्तरोन्नतिपछि नेपालको व्यापार नीति कस्तो हुने भन्ने स्पष्टतासँगै नयाँ वस्तुको उत्पादन र बजारीकरणमा केन्द्रित हुनुपर्छ । तुलनात्मक लाभ रहेका वस्तु पहिचान, त्यसको उत्पादन र बजारीकरणका लागि अहिले नेपाललाई अवसर पनि छ," उनले बताए ।

डब्ल्युटिओ अन्तर्गत अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपण अनुसार अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपछि नेपालको हालको निर्यात चार दशमलव पाँच प्रतिशतसम्म घट्न सक्ने देखिएको मरासिनीले जानकारी दिए । उनका अनुसार दिगो स्तरोन्नतिका लागि अझ बढी मेहनत गर्नुपर्नेछ ।

"स्तरोन्नतिपछि पनि अहिले पाइरहेका सुविधालाई कसरी निरन्तरता गर्ने भनेर पहल गर्नु आवश्यक छ । त्यसका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति र प्रस्तुति बलियो बनाउनुका साथै सरोकारवाला क्षेत्रका जानकारहरूको समूह बनाएर काम गर्न जरुरी छ," उनले भने । आगामी दुई/तीन वर्ष नेपालले यस विषयमा बढी तयारी गर्नुपर्ने मरासिनीको भनाइ छ ।

डब्ल्युटिओका सदस्य राष्ट्रसँगको व्यापारमा अतिकम विकसित मुलुकले 'स्पेशल एन्ड डिफ्रेन्सियल ट्रिटमेन्ट'को सुविधा पाउँछन् । साथै यस्ता मुलुकका लागि न्यून भन्सारदर कायम गरिएको हुन्छ । यस्ता सुविधामा अलैंची, पस्मिना, गलैंचा, धागोलगायतका वस्तु निर्यात गर्दा नेपालले 'ड्युटी फ्री' सुविधा पाउँछ । त्यस्तै, बौद्धिक सम्पत्तितर्फ प्याटेन्ट, डिजाइन, ट्रेडमार्कलगायतमा केही सुविधा पाइन्छ । स्तरोन्नतिपछि नेपालको औषधि (फर्मास्युटिकल) क्षेत्र बढी प्रभावित हुने देखिएको छ । औषधि उत्पादकले विदेशी कम्पनीको फर्मुला प्रयोग गरेर औषधि उत्पादन गरिरहेकामा त्यस्तो सुविधामा कडाइ हुन सक्ने जानकार बताउँछन् ।

सन् १९७१ देखि संयुक्त राष्ट्रसङ्घको अतिकम विकसित मुलुकको सूचीमा नेपाल रहेको छ । सन् २०२१ नोभेम्बर २४ मा राष्ट्रसङ्घको ७६औं महासभाले तीन एशियाली मुलुक नेपाल, बङ्गलादेश र लाओसलाई अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो । यी देशले स्तरोन्नतिका लागि पाँच वर्षको तयारी अवधि पाएका छन् । जस अनुसार नेपालले पनि सन् २०२६ सम्ममा अतिकम विकसित राष्ट्रहरूको सूचीबाट स्तरोन्नति हुने लक्ष्य राखेको छ ।

स्तरोन्नतिका लागि तीनवटा सूचक पूरा गर्नुपर्ने हुन्छ । नेपालले मानवपूँजी सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (इभिआई)मा संयुक्त राष्ट्रसङ्घको थ्रेसहोल्ड पास गरिसकेको छ ।

मानवपूँजी सूचकाङ्कका लागि ६६ भन्दा बढी अङ्क रहनुपर्नेमा नेपालको ७१ दशमलव दुई अङ्क छ । त्यस्तै, आर्थिक तथा वातावरणीय जोखिम ३२ अङ्कभन्दा कम हुनुपर्नेमा २८ दशमलव चार अङ्क रहेको छ भने प्रतिव्यक्ति आय एक हजार २२२ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार ३८१ अमेरिकी डलर रहेको छ ।

## कार्यालयमा भएको विस्फोटमा गभर्नरको मृत्यु

काबुल, २७ फागुन/एएनआई

उत्तरी अफगानिस्तानको बल्खमा तालिबानद्वारा नियुक्त गभर्नरको आफ्नै कार्यालयमा भएको विस्फोटमा मृत्यु भएको छ ।

बल्खको सुरक्षा विभागका प्रवक्ता मोहम्मद आशिफ वाजिरीले तालिबानद्वारा नियुक्त गभर्नर मोहम्मद दाउद मुजामिल उक्त विस्फोटमा मारिएको पुष्टि गरेका छन् । "आज बिहान करीब ९ बजे बल्खका गभर्नर मोहम्मद दाउद मुजामिललाई विस्फोटक पदार्थ बोकेको एक व्यक्तिले आत्मघाती विस्फोट गराउँदा गभर्नरसहित दुई नागरिक मारिएका छन् ।" त्यसैगरी, विस्फोटबाट अन्य चारजनाको मृत्यु भएको छ, जसमा तीनजना सैन्य सदस्य र एक सर्वसाधारण नागरिक रहेको बुझिएको छ ।

यसैबीच, इस्लामिक इमिरेट्सका प्रवक्ता जबिउल्लाह मुजाहिदले पनि ट्वीटरमा प्रान्तीय गभर्नरको हत्याप्रति दु:ख व्यक्त गरेका छन् ।

बल्खको सुरक्षा विभागको विज्ञप्तिमा भनिएको छ– आत्मघाती भेस्ट लगाएका एक व्यक्तिले प्रान्तीय गभर्नरको कार्यालयनजीकै दोस्रो तलामा आफूलाई विस्फोट गराइ उक्त हत्या गरेको टोलो न्यूजले जनाएको छ । रासस


विस्फोटमा मारिएका गभर्नर मोहम्मद दाउद मुजामिल

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडाश्रम |
| मिथुन – चोरभय | कर्कट – उदरपीडा |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – आलस्य | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### आगलागी हुनबाट सावधानी अपनाऔं ।

- हिउँद तथा सुक्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होशियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुन्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निर्क्योल गरौं ।
- जथाभावी चुरोट, बिडीका ठुटो ननिभाइ नफ्याँकौं ।
- विद्युत्बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं ।
- आफ्नो घर, टोलमा आगलागीका घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारुणयन्त्रको सम्पर्क नम्बर ०५१–४१८००० मा खबर गरौं ।

वीरगंज महानगरपालिका कार्यालय

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## प्रदेशमा सङ्घीयता पक्षधर भएकाले काम गर्न सजिलो छ –मुख्यमन्त्री यादव

काठमाडौं, २७ फागुन/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले निजामती कर्मचारी र प्रहरी समायोजन भएको खण्डमा प्रदेश सरकार पूर्वाधार निर्माणलगायत सबै काम गर्न सक्षम रहेको दाबी गरेका छन् । प्रदेश सरकारको अभ्यास, उपलब्धि र चुनौतीबारे उनले कर्मचारी र प्रहरी समायोजन भएपछि सम्पूर्ण पूर्वाधार निर्माण र सबै विकासका काम गर्न प्रदेश सरकार सक्षम हुने बताए ।

मुख्यमन्त्री यादवले भने, "सबैभन्दा पहिला काम गर्ने जनशक्ति हुनुपर्‍यो । विनाकर्मचारी मन्त्री र मुख्यमन्त्री भएर मात्रै केही गर्न सकिन्न । केन्द्रीय सरकारसँग यही अनुरोध छ, निजामती र प्रहरी समायोजन गरिदिनुस् ।"

प्रदेश सरकार पूर्णरूपमा सञ्चालनमा आएपछि देशमा विकासको गति धेरै अगाडि बढ्ने उल्लेख गर्दै उनले सङ्घीय सरकारसँग त्यसका लागि निजामती ऐन तुरुन्तै पास गरेर कार्यान्वयनमा ल्याउन सुझाव दिए ।

प्रदेशका पूर्वसभामुखसमेत रहेका यादवले भने, "शान्ति सुरक्षा र भ्रष्टाचार न्यूनीकरणका लागि प्रदेश प्रहरी पनि समायोजन गर्नुपर्छ । विना प्रहरी र प्रशासनको सरकार चल्न सक्दैन ।" तीन तहको सरकारमध्ये सबैभन्दा समस्या प्रदेश सरकारले नै झेल्नुपरेको बताउँदै उनले मुलुक सङ्घीय संरचनामा प्रवेश गरेपछि भौतिक संरचनाको अभावमा प्रदेश सरकार र सभाका नेतृत्वले नै आफूलाई चाहिने कुर्सी र टेबल किनेर कार्यालय सञ्चालन गर्नुपरेको घटना सुनाए ।

मुख्यमन्त्री यादवले भने, "सङ्घ र स्थानीय तहमा पहिले नै संरचना भएकाले कुनै खास चुनौती झेल्नुपरेन, तर प्रदेशमा भने कुनै पनि भौतिक संरचना थिएन । आफूलाई चाहिने सामान आफैंले जोहो गरेर कार्यालय सञ्चालन गर्नुपर्ने परिस्थितिको सामना गरियो ।" एउटा बच्चाले बाह्रखरीबाट आफ्नो पढाइ शुरू गरेजस्तै प्रदेशसभाको जग पनि त्यसरी नै अघि बढेको घटना सुनाउँदै उनले प्रदेशमा कर्मचारीको ठूलो अभाव भएकाले सरकार र जनताले दु:ख झेल्नुपरिरहेको उल्लेख गरे ।



विगतमा प्रदेश सभामुखको जिम्मेवारी आफूले तटस्थ र निष्पक्ष भएर प्रमाणित गरिसकेको बताउँदै उनले त्यसैको परिणाम सात प्रदेशमध्ये सबैभन्दा सहजरूपले मधेस प्रदेशकै सदन नियमित र सहजरूपमा सञ्चालन गर्न सफल भएको जानकारी दिए ।

मधेस प्रदेशले पाँच वर्षमा ५५ वटा विधेयक मात्र नभई सरकारको वार्षिक बजेटसमेत सर्वसम्मतिले पारित गरेको थियो । पूर्वसभामुख यादवले भने, "केन्द्रका दलका नेताको मनमा जे भएपनि मधेस प्रदेशका सबै राजनीतिक दल सङ्घीयता पक्षधर नै हुनुहुन्छ । त्यसैले मलाई काम गर्न पनि सजिलो भएको छ ।" प्रदेशको अभ्याससँगै विकास निर्माण र सेवाको क्षेत्रमा निकै उपलब्धि हासिल भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले विभिन्न ऐन तर्जुमादेखि विश्वविद्यालय स्थापनासम्मका धेरै काम भएको चर्चा गरे ।

### नेपालले २० खर्ब ...

नेपालले २० खर्ब ...

तथ्याङ्कबाट देखिन्छ ।

चालू आवको पुस मसान्तसम्म नेपालले रु ४७ अर्ब २७ करोड बराबर ऋण उठाएको छ । जसमध्ये रु ३० अर्ब आन्तरिक र रु १७ अर्ब २७ करोड बाह्य ऋण उठाएको हो । यही अवधिमा रु ४५ अर्ब ६१ करोड बराबर साँवा र ब्याज भुक्तानी गरेको छ । पुस मसान्तसम्म सरकारले भुक्तानी गरेको साँवा रु २८ अर्ब ३० करोड र ब्याज रु १७ अर्ब ३१ करोड बराबर छ ।

यो अवधिमा आन्तरिक ऋणको साँवा रु १९ अर्ब ५९ करोड २५ लाख र ब्याज रु १५ अर्ब ६५ करोड ९६ लाख गरी कुल रु ३५ अर्ब २५ करोड भुक्तानी भएको छ भने बाह्य ऋणको साँवा रु आठ अर्ब ७१ करोड र ब्याज रु एक अर्ब ६५ करोड गरी रु १० अर्ब ३६ करोड भुक्तानी भएको छ । कुल साँवा र ब्याज भुक्तानीमा आन्तरिक ऋणको साँवा र ब्याज भुक्तानी ७७ दशमलव २८ प्रतिशत र बाह्य ऋणको साँवा र ब्याज भुक्तानी २२ दशमलव ७२ प्रतिशत बराबर छ ।

## मेघगर्जनसहित वर्षाको सम्भावना

काठमाडौं, २७ फागुन/रासस

हाल देशमा पश्चिमी वायुको सामान्य प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीको प्रभावले मेघगर्जन/चटयाङसहित वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार शनिवार दिउँसो कोशी र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली तथा बाँकी भेगमा आंशिक बदली भएको थियो । कोशी र गण्डकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्का वर्षा भएको छ । साथै सोही प्रदेशका उच्च



पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपात भएको छ । रातिमा देशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागका मौसम सामान्यतया सफा रहनेछ ।

# शान्ति सुरक्षासम्बन्धी अन्तर्क्रिया सम्पन्न

प्रस, पंचगावाँ, २७ फागुन/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको आयोजनामा शनिवार शान्ति सुरक्षासम्बन्धी अन्तर्क्रिया सम्पन्न भएको छ।



ग्रामीण क्षेत्रको सुरक्षा अवस्था चुस्तदुरुस्त बनाउन अन्तर्क्रियाको आयोजना गरिएको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।

अन्तर्क्रियामा अबेर रातिसम्म होटलमा मदिरासेवन गरी सार्वजनिक स्थानहरूमा होहल्ला, गाली बेइज्जती, झगडा, सवारीसाधन चलाएर सडक दुर्घटना गर्ने, विनाहेल्मेट सवारीसाधन चलाउने, महिला हिंसा, घरेलु हिंसा, बालविवाह, विद्यालय पढ्ने बालबालिकाहरूमा नशालु पदार्थको लत रोकथाम सम्बन्धमा वक्ताहरूले प्रहरीले कानूनको परिपालना कडारूपमा गराउनुपर्ने बताए। जङ्गलसँग सीमा जोडिएका गाउँहरूमा काठ तस्करी रोक्न पनि वक्ताहरूले जोड दिएका थिए।

कार्यक्रममा इप्रका, पटेर्वासुगौलीका प्रनि केशरीले प्रहरीले शान्ति सुरक्षाको सवालमा कसैसँग पूर्वाग्रह नराखी स्वच्छ र निष्पक्ष सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा स्थानीय शिक्षक महेन्द्र चौधरी, हरिराज यादव, समाजसेवी नागेन्द यादव, पर्सागढी नगरपालिकाका पूर्वप्रमुख लोकनारायण यादव, सखुवाप्रसौनी गाउँपालिकाकी उपाध्यक्ष शर्मिला विष्ट महतो, वडाध्यक्ष वासुदेव महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# नेपालले २० खर्ब ७० अर्ब ऋण तिर्न बाँकी

काठमाडौं, २७ फागुन/रासस

चालू आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको सार्वजनिक ऋण रु २० खर्ब ७० अर्ब ५३ करोड ६३ लाख पुगेको छ। गत पुस मसान्तसम्म नेपालले रु ११ खर्ब दुई अर्ब ५१ करोड बाह्य ऋण र रु नौ खर्ब ६८ अर्ब एक करोड आन्तरिक ऋण तिर्न बाँकी रहेको देखिएको हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक अवधिको सार्वजनिक ऋण प्रतिवेदन अनुसार चालू आवको छ महीनाको अवधिमा रु ५७ अर्ब २४ करोड ऋण थपिएको छ।

गत असार मसान्तसम्म कुल सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब थियो। जसमध्ये बाह्य ऋण रु १० खर्ब ५० अर्ब २३ करोड र आन्तरिक ऋण रु नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर थियो।

चालू आवको दोस्रो त्रैमासिक अवधिसम्ममा रु ७६ अर्ब ६६ करोड ९९ लाख बाह्य ऋण थपिएको छ। आन्तरिक ऋण भने गत असारको तुलनामा पुसमा रु १९ अर्ब ४३ करोडले घटेको छ।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा सार्वजनिक ऋणको अनुपात ४२ दशमलव ६७ प्रतिशत बराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। अहिले कुल गार्हस्थ्य उत्पादन रु ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ। जिडिपी अनुपातमा आन्तरिक ऋण १९ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव ७२ प्रतिशत रहेको कार्यालयको

((बाँकी तेस्रो पातामा)


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनीरूपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड







# निश्शुल्क स्वास्थ्य शिविर

प्रस, परवानीपुर, २७ फागुन/

विश्व नारी दिवसको उपलक्ष्यमा पर्सा चिकित्सक श्रीमती सङ्घ र फोर जिआर संस्थाको समन्वयमा शनिवार वीरगंज महानगर-३० लालपर्सास्थित स्वास्थ्य चौकीमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो। शिविरमा ४०७ जनाले स्वास्थ्य परीक्षण गराएर लाभान्वित भएका थिए।




तस्वीरः प्रतीक

शिविरमा उच्च रक्तचाप, मधुमेह, ग्यास्ट्रिक, दाँत, महिला स्वास्थ्य तथा प्रजननसम्बन्धी चेकजाँच भएका थिए। शिविरमा वरिष्ठ फिजिसियन डा नीरज सिंह, डा रामकिशोर सिंह, बालरोग विशेषज्ञ डा अशोक दास, स्त्रीरोग विशेषज्ञ डा दीप्ति यादव, दन्तरोग विशेषज्ञ डा सोनी झा ठाकुर, डा प्रेरणा सिंहले सेवा प्रदान गरेका थिए।

शिविरमा पर्सा चिकित्सक श्रीमती सङ्घकी अध्यक्ष नीता झा, सचिव निशा सिंह, कोषाध्यक्ष लुना बनर्जी, सहसचिव पिया सिंह, निभा दास, कल्पना भगतलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## कृष्ण फाउन्डेशन दोस्रो परवानीपुर गोल्डकप शुरू

## परवानीपुर युथ क्लब विजयी

प्रस, वीरगंज, २७ फागुन/



तस्वीरः सौजन्य

कृष्ण फाउन्डेशन दोस्रो परवानीपुर गोल्डकप-२०७९ शनिवारदेखि शुरू भएको छ।

वीरगंज-२१ परवानीपुरस्थित परवानीपुर युथ क्लबको आयोजनामा कृष्ण फाउन्डेशन दोस्रो परवानीपुर गोल्डकप प्रतियोगिता शुरू भएको हो।

परवानीपुर खेलमैदानमा आजदेखि शुरू भएको प्रतियोगिताको उद्घाटन वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिहंले गरेका थिए।

प्रतियोगितामा मधेस प्रदेशका छ र वाग्मती प्रदेशका दुई गरी आठवटा टीमको सहभागिता छ। प्रतियोगिता अन्तर्गत आज भएको उद्घाटन खेलमा आयोजक परवानीपुर युथ क्लब विजयी भएको छ।

निर्धारित ९० मिनेटको खेलमा दुवै टीमबाट कुनै गोल नभएपछि टाइब्रेकरमा बेलखाडी युथ क्लब, महोत्तरीलाई ४-३ गोलअन्तरले पराजित गर्दै परवानीपुर विजयी भएको आयोजक क्लबका महासचिव दीपक यादवले बताए।

यस खेलको 'म्यान अफ दी म्याच' आयोजक क्लबको जर्सी नं ५ का खेलाडी प्रिन्स ताम्राकार भए। उनलाई स्थानीय हबिब मियाँ र सञ्जय मण्डलले संयुक्तरूपमा नगद पाँच हजार र ट्रफी प्रदान गरेका थिए।

प्रतियोगिता चैत ४ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा उपाधि विजेताले डेढ लाख, उपविजेताले ७५ हजार नगद, शिल्ड तथा मेडल पाउने आयोजक परवानीपुर युथ क्लबले जनाएको छ।

परवानीपुर युथ क्लबका अध्यक्ष अलिअख्तर आलमको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेकपा एमालेका मधेस प्रदेश कमिटी सदस्य रामपाल यादव, परवानीपुर गाउँपालिका अध्यक्ष रामक्षत्री कुर्मी, वडाध्यक्षहरू इब्राहिम मियाँ, राधाकृष्ण रौनियार, मनोज यादव, कृष्ण फाउन्डेशनका प्रतिनिधि प्रकाश यादवलगायतको सहभागिता थियो।

# नारी दिवसमा महिला सशक्तीकरण अभिमुखीकरण

चिरञ्जीवी सापकोटा, ठोरी, २७ फागुन/

ठोरी गाउँपालिका वडा नं २ मा शनिवार महिला सशक्तीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। ११३औं नारी दिवसको अवसरमा ठोरी-२ को सरस्वती मावि, गौतमनगरमा आयोजित कार्यक्रममा ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले महिलाहरूको लागि गाउँपालिकाले छुट्टै बजेट विनियोजन गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। महिलाहरू जागरूक भए समाज परिवर्तन हुने बताउँदै गापाध्यक्ष श्रेष्ठले महिलाहरूलाई नेतृत्व विकाससम्बन्धी तालीम दिएर जागरूक बनाइने बताए।

कार्यक्रममा गापा उपाध्यक्ष गोकुली रेग्मीले महिलाहरू स्वयम् जागरूक हुनुपर्ने अवस्था आएको बताउँदै महिलाहरूलाई सशक्त बनाउन पालिकाले महिलामुखी कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गरिन्। उनले महिलाहरूलाई स्वावलम्बी बनाउन



तस्वीरः प्रतीक

पालिका लागिपर्ने बताइन्।

कार्यक्रममा वडाध्यक्ष अमृतकृष्ण सापकोटाले महिलाहरूको लागि वडाले विभिन्न कार्यक्रम तर्जुमा गरेको हुँदा आगामी दिनमा अझ प्रभावकारी बनाइने बताए।

महिलाहरूको बाक्लो उपस्थित भएको कार्यक्रममा महिलाहरूलाई उपाध्यक्ष रेग्मी, गापाका सामाजिक विकास अधिकृत धर्मराज थापा र सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साका पूर्वकोषाध्यक्ष अनन्तकुमार श्रेष्ठले महिला सशक्तीकरण अभिमुखीकरण तालीम दिएका वडासदस्य भगवती धितालले जानकारी दिइन्।

वडाध्यक्ष सापकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा कार्यपालिका सदस्य फूलमाया दर्जीले स्वागत मन्तव्य राखेकी थिइन् भने सहजीकरण महिला सञ्जालकी मुना सापकोटाले गरेकी थिइन्।

# पिङ्की स्वीट सुपारीमा प्रहरीको छापा

प्रस, वीरगंज, २७ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साको प्रहरी टोलीले हिजो शुक्रवार राति आदर्शनगरस्थित पिङ्की सुपारी तथा गुटका उद्योगमा छापा मारी सिल गरेको छ।

प्रहरी टोलीले उद्योगमा राजस्व छली गरी ल्याएको केमिकल तथा गुणस्तरहीन गुटका उत्पादन गरेको आरोपमा गोदाम सिल गरेको प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए।

उद्योगका सञ्चालक निरञ्जन अग्रवाल भने सम्पर्कबाहिर रहेको प्रनाउ गिरीले बताए।

भोलि आइतवार कार्यालय खुलेपछि वाणिज्य तथा जिल्ला प्रशासन कार्यालयको टोली पुगी गोदामको सिल खोल्ने र छानबीन हुने प्रनाउ गिरी जानकारी दिए।

# नेकपा (एस)को कार्यालय स्थापना

प्रस, निजगढ, २७ फागुन/

नेकपा (एकीकृत समाजवादी) निजगढ नगर कमिटीले शनिवार पार्टी



तस्वीरः प्रतीक

कार्यालय स्थापना गरेको छ।

कार्यक्रममा पोलिटब्युरो सदस्य एवं बारा इन्चार्ज दिनेश राईको प्रमुख आतिथ्यमा सङ्गठन सुदृढीकरण अभियान, पार्टी सदस्यता वितरणलगायतका विभिन्न समसामयिक विषयमा छलफल भएको थियो।

कार्यक्रममा निजगढ नगर कमिटीको अध्यक्ष भीमप्रसाद सापकोटा, उपाध्यक्ष विजय लामा, सचिव ध्रुव धिताल र सदस्यहरूमा सतल सिंह लामा, लालमाया जिम्बा, सावित्री भण्डारी, निर्मला लामा, राजकुमार तामाङ, सुन्दर थिङ लामालाई चयन गरिएको छ।

कार्यक्रममा केन्द्रीय सदस्य एवं बारा सहइन्चार्ज छविलाल उप्रेती, विभा कार्की, हिमाल खरेल, मानध्वज लामा, जिल्ला अध्यक्ष विजेन्द्र चौधरीलगायतको सहभागिता थियो। कार्यक्रम जिल्ला अध्यक्ष सापकोटाको अध्यक्षतामा सम्पन्न भएको थियो।

## वृक्षारोपणमा हानिनोक्सानी ...

प्रमुख सिंहले सञ्चारकर्मीहरूलाई बताए।

वडाध्यक्ष चौधरीको संलग्नता देखिएकोले उनलाई पक्राउ पुर्जीसमेत जारी गरिएको वन कार्यालयले जनाएको छ। विगतका वर्षमा अतिक्रमण गरिएका राष्ट्रिय वन क्षेत्रलाई तीन वर्षअघि पुनः वन क्षेत्रमा नै फर्काइ साढे पाँच हेक्टर वन क्षेत्रमा वन कार्यालयले वृक्षारोपण गरेको थियो। उक्त घटना यही फागुन २३ गते मङ्गलवार राति भएको थियो। सो घटनामा संलग्न अन्यलाई चाँडै पक्राउ गर्ने पनि वन कार्यालय, बाराले जनाएको छ।